सम्पर्क नं. : ०७१४१००७१

# स्थानीय सरकार
# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

आ.व. २०८१/०८२

साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :–२०८१/१२/०३

दुहवी नगरपालिका कृषि शाखा दुहवी बाट आ.ब.२०८१।०८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाइ,खुमलटार ललितपुरवाट प्राप्त राष्ट्रिय र स्थानिय महत्वका खाद्यय तथा पोषण सुरक्षामा टेवा पुरयाउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त पकेट कार्यक्रम संचालन गर्न चाहने यस नगरपालिका अन्तरगतका इच्छुक कृषि समुह /सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन अर्थात (मितिः– २०८२/०१/०१ गते भित्र) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसुची–१० अनुसारको आवेदन यस दुहवी नगरपालिका कृषि शाखामा पेश गर्नुहुन यसै सूचना द्वारा जानकारी गराइन्छ। म्याद भित्र नपरेका तथा रितपुर्वक पेश नभएका निवेदन उपर कुनै कारवाही नहुने समेत जानकारी गराइन्छ।साथै यस विषयमा थप जानकारीका लागि ९८२४३८९१३५ र ९८१७३२३८३२ मा सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | सञ्चालन हुने पकेट कार्यक्रम | संख्या | पकेटको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | आ.व.२०८१/०८२ मा नयाँ धान वाली पकेट विकास कार्यक्रम | १ | ३० विगहा | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१)सम्वन्धित निकायमा कृषि समुह /सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

२)सहकारी संस्था/कृषि फर्मको हकमा लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि

३) वडा कार्यालयको सिफारिस पत्र।

४) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको सम्झौतानामा।

४) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

५) कार्य समितिको निर्णयको प्रतिलिपि

नोट :– प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन म्यानुअल **www.pmamp.gov.np** बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

२०८१

सुवर्ण घिमिरे
प्र.प्र.अ